**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं ।
फोनः ४४२९७४१ फ्याक्सः ४४१९६१०
इमेलः wafed@ntc.net.np;
वेवसाइट: www.wafed-nepal.org

## अरुण-३ सम्झौताका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा
## संसद्को अनुमोदन नभएसम्म कार्यान्वयन रोक्का गर्ने माग

प्रेस विज्ञप्ति

२०६४ फागुन ३० (१३ मार्च २००८) । काठमाडौं ।

करिब १५ वर्षपछि दोस्रोपटक पुनः विवादमा मुछिएको अरुण-३ जलविद्युत आयोजनाका सम्बन्धमा आज सर्वोच्च अदालतमा एक रिट निवेदन दर्ता भयो । उक्त रिट निवेदनमा अन्तरिम संविधान, २०६३ को धारा १५६ बमोजिम व्यवस्थापिका संसद्को दुईतिहाई बहुमत नभएसम्म सरकारले गत फागुन १९ गतेका दिन भारतीय सरकारी कम्पनी सत्लज जलविद्युत निगमसँग गरेको अरुण-३ आयोजनाको निर्माणकार्य र विद्युत निर्यातसम्बन्धी सम्झौता कार्यान्वयन नगर्न नराउन विपक्षी जलस्रोत मन्त्रालयका समेतका नाममा अन्तरिम आदेशसहित उत्प्रेषण, परमादेश, प्रतिषेधलगायतका उपयुक्त आदेशहरू जारी गर्न माग गरिएको छ ।

निवेदनमा सरकारले पटक-पटक ताकिता गर्दा पनि आयोजनासम्बन्धी आधिकारिक एवम् प्रामाणिकरुपमा सूचना प्रवाह गर्न इन्कार गरेकोले संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम सूचना उपलब्ध गराउनसमेत माग गरिएको छ । सम्पूर्ण नेपाली जनता र उद्योगधन्दाहरूलाई सर्वसुलभ मूल्यमा विद्युतसेवा उपलब्ध नगराएसम्म अरुण-३, पश्चिम सेती र माथिल्लो कर्णालीजस्ता सस्ता, राम्रा र आकर्षक आयोजनाहरूबाट उत्पादित बिजुली प्रचलित जलस्रोत एवम् विद्युत ऐनवपरीत हुने गरी भारततर्फ निर्यात नगर्न-नगराउनका लागि समेत निर्देशनात्मक आदेशको माग गरिएको छ । निवेदनमा यस्ता व्यापक, गम्भीर र दीर्घकालीन प्रकृतिका कुनै पनि सन्धिसम्झौता वा करार संविधानसभाबाट निर्मित नयाँ संविधानबमोजिम निर्वाचित सरकारले मात्र गर्न सक्ने जिकिरसमेत लिइएको छ ।

स्मरणरहोस्, विगतमा पनि विश्व बैंकले लगानी गर्न लागेको अरुण-३ विषयक सूचनाको हकसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले निवेदकहरू गोपाल सिवोकाटी 'चिन्तन' र डा. राजेश गौतमका पक्षमा फैसला भएको थियो । उक्त मुद्दामा सूचनाको हकसम्बन्धी छुटटै कानुन निर्माण नभएसम्मका लागि सूचना माग्ने र पाउने कार्यविधिसमेत तय गरी ऐतिहासिक नजीर कायम गरिएको थियो । उसबेला अरुण-३ लाई अति महँगो बनाउनका लागि विश्व बैंकले नेपालमाथि लादेका तीन दर्जनभन्दा बढी ऋणका अनुचित शर्तहरूसमेतका विरुद्ध उजुरी परेपछि सन १९९५ मा बैंकले एकतर्फीरुपमा आयोजना रद्द गर्दै अरुण उपत्यकाको समग्र विकासका निमित्त प्रस्तावित क्षेत्रीय कार्ययोजना प्रभावकारीरूपमा लागु नभएसम्म अरुण-३ मा लगानी गर्न नसकिने निष्कर्ष निकाल्दै नेपाल सरकारलाई विभिन्न सुझावहरू दिइएको थियो ।

रिट निवेदनमा सर्वोच्च अदालतसमक्ष यस्ता सार्वजनिक चासो र सरकारका मुद्दाहरू दायर गर्नुको अर्थ कुनै खास आयोजनाको समर्थन वा विरोध गर्नु नभई कुनै पनि विदेशी सरकार वा कम्पनीसँग भएका नेपालको प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड र ऋणसहायताका अनुचित शर्तहरूको संवैधानिकता जाँच्नु रहेको कुरा अधिवक्ता गोपाल सिवाकोटी 'चिन्तन' ले बताउनु भएको छ ।

जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालका कानुन निर्देशक एवम् अधिवक्ता रविन सुवेदी, उपाध्यक्ष रामबहादुर खड्का, अभियान संयोजक रतन भण्डारी, राष्ट्रिय सरोकार समाजका सदस्य अधिवक्ता निर्मला सिटौला र खिमाराम लम्साल तथा अरुण सरोकार समूहका सदस्यद्वय अनुज सिटौला र चन्द्रशेर रानासमेत निवेदक रहेको

यस मुद्दामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जलस्रोत मन्त्रालय, व्यवस्थापिका संसद्, संसदीय प्राकृतिक स्रोत र साधन समिति, अर्थ मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरणसमेतलाई विपक्षी बनाइएको छ । यस मुद्दाको प्रारम्भिक सुनुवाइ आगामी चैत ३ गतेका दिन हुनेछ ।

यस रिट निवेदन तथा यसको सारसंक्षेपको पूर्ण पाठ तथा अन्य सामग्रीहरू महासंघको वेबसाइट www.wafed-nepal.org बाट प्राप्त गर्न सकिनेछ ।

भवदीय

रतन भण्डारी

अभियान संयोजक

९८४१४८५८१५